| | | | ऐ नक्सा नं. मा पर्ने देउराली सम्म पक्की सडक दाया वाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २५ लाख | |
| | | | ऐ नक्सा नं. मा पर्ने देउराली सम्म पक्की सडक दाया वाया मोहडाको जग्गा र वाँकी रहेको कृषिमा | | ६२५ |
| | | | ऐ नक्सा नं. को कच्ची सडकमा दाया वाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २० लाख | |
| | | | ऐ नक्सा नं. को कच्ची सडकमा दाया वाया मोहडाको जग्गा र वाँकी रहेको कृषिमा | | ५०० |
| | | | न.नं. १/ख १/ग १/ङ र १/घ को सुवेदी चोक भिमभैरव मोटर मार्ग वडा नं. ७को सिमाना सम्म सडकको दाया वाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १५ लाख | |
| | | | न.नं. १/ख १/ग १/ङ र १/घ को सुवेदी चोक भिमभैरव मोटर मार्ग वडा नं. ७को सिमाना सम्म सडकको दाया वाया मोहडाको जग्गा र वाँकी रहेको कृषिमा | | ३७५ |
| | | | ऐ.ऐ.न.नं. को सो क्षेत्रको भित्री कच्ची सडक र डाडागाँउ सिम्बोट क्षेत्रको पाखो जग्गाको कच्ची सडकको दाया वाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ६ लाख ५० हजार | |
| | | | ऐ.ऐ.न.नं. को सो क्षेत्रको भित्री कच्ची सडक र डाडागाँउ सिम्बोट क्षेत्रको पाखो जग्गाको कच्ची सडकको दाया वाया मोहडाको जग्गा र वाँकी रहेको कृषिमा | | १६२ |
| ३ | | कृषि क्षेत्र | नक्सा नं. १(ख), १(ग), १(ङ), १(घ) को खेत/पाखो | | १६२ |
| | | | नक्सा नं. १(ख), १(ग), १(ङ), १(घ) को सुवेदी चोक भन्दा माथि भिमभैरव मोटर मार्ग वडा नं.७ को सिमाना सम्मको पाखो जग्गा र ऐ.ऐ.न.नं. को डाडागाउँ सिम्मबोट भिर/ पाखो जग्गा | | ७५ |
| १ | ७ | व्यापारीक क्षेत्र | नक्सा नं. २(ग) पुरानो बजार पक्की सडक दाया वाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २७ लाख | |
| | | | नक्सा नं. २(ग) पुरानो बजार पक्की सडक दाया वाया घडेरी जग्गा र वाँकी रहेको कृषिमा | | ६७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | शितल चौतारी, सुवेदी चोक पक्की सडक दाया वाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २८ लाख | |
| | | | शितल चौतारी, सुवेदी चोक पक्की सडक दाया वाया घडेरी जग्गा र वाँकी रहेको कृषिमा | | ७०० |
| | | | पुरानो बजार, पटनेरी, शितलचौतारी बस्ती क्षेत्रको कच्ची सडकको दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २२ लाख | |
| | | | पुरानो बजार, पटनेरी, शितलचौतारी बस्ती क्षेत्रको कच्ची सडकको दाया बाया मोहडाको जग्गा र वाँकी रहेको कृषिमा | | ५५० |
| | | | सिस्नेरी क्षेत्रको भिमाद सिम्ले सडक दाया वाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १० लाख | |
| | | | सिस्नेरी क्षेत्रको भिमाद सिम्ले सडक दाया वाया मोहडाको जग्गा र वाँकी रहेको कृषिमा | | २५० |
| | | | सिस्नेरी क्षेत्रका अन्य सडकको दायावाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ५ लाख | |
| | | | सिस्नेरी क्षेत्रका अन्य सडकको दायावाया मोहडाको जग्गा र वाँकी रहेको कृषिमा | | १२५ |
| | | आवासिय क्षेत्र | सिद्ध गुफा सडक दाया वाया घर र सो ले चर्चेको ढप्लेन्थ एरिया) जग्गा | २ लाख ५० हजार | |
| | | | सिद्ध गुफा सडक दाया वाया मोहडाको जग्गा र वाँकी रहेको कृषिमा | | ६२ |
| | | | सुवेदी चोक देखि दैकेडाँडा सम्मको सडक दायावाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ६ लाख | |
| | | | सुवेदी चोक देखि दैकेडाँडा सम्मको सडक दायावाया मोहडाको जग्गा र वाँकी रहेको कृषिमा | | १५० |
| | | | सुवेदी चोक भिम भैरव कच्ची सडकको दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख ५० हजार | |
| | | | सुवेदी चोक भिम भैरव कच्ची सडकको दाया बाया मोहोडाको जग्गा र वाँकी रहेको कृषिमा | | ६२ |
| | | | साविक भिमाद गा.वि.स वडा न. ४, ५, ८, ९ र साविक भानुमति गा.वि.स. को भित्री कच्ची सडक दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख ५० हजार | |
| | | | साविक भिमाद गा.वि.स वडा न. ४, ५, ८, ९ र साविक भानुमति गा.वि.स. को भित्री कच्ची सडक दाया बाया मोहडाको जग्गा र वाँकी रहेको कृषिमा | | ३७ |
| | | कृषि क्षेत्र | पुरानो बजार पट्नेरी शितलचौतारी सुवेदीचोक क्षेत्रको पाखो/खेत जग्गा | | १३७ |
| ३ | | | जिदी खोला फाँटको जग्गा | | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अब्बल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| | | | अन्य खेतको जग्गाः | | |
| | | | अब्बल | | |
| | | | दोयम | | १० |
| | | | सिम | | |
| | | | चाहार | | |
| १ | | व्यापारीक क्षेत्र | भागर, सिम्ले, अरौदी, ब्राहविसे बजार क्षेत्र सडक दाँया वाँया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ३ लाख | |
| | | | भागर, सिम्ले, अरौदी, ब्राहविसे बजार क्षेत्र सडक दाँया वाँयाका जग्गा र वाँकी रहेको कृषिमा | | ७५ |
| २ | ८ | आवासिय क्षेत्र | साविक भिमाद नक्सा नं.३(क), ३(ख), ६(क), ७(क) साविक भानुमति ३(ग), १(ख), ९(ग) को भिमाद सिम्ले जरेवर सडकको भागर जरेबर सडक दाँया वाँया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ३ लाख | |
| | | | साविक भिमाद नक्सा नं.३(क), ३(ख), ६(क), ७(क) साविक भानुमति ३(ग), १(ख), ९(ग) को भिमाद सिम्ले जरेवर सडकको भागर जरेबर सडक दाँया वाँया मोहडाको जग्गा र वाँकी रहेको कृषिमा | | ७५ |
| | | | भिम भैरव मोटर मार्गको साविक भिमाद ७(ख), ६(ग) र साविक भानुमति १(क), १(ग), ९(क), ९(ख) को दायावाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख ५० हजार | |
| | | | भिम भैरव मोटर मार्गको साविक भिमाद ७(ख), ६(ग) र साविक भानुमति १(क), १(ग), ९(क), ९(ख) को दायावाया मोहडाको जग्गा र वाँकी रहेको कृषिमा | | ३७ |
| | | | साविक भानुमति नक्सा नं. ९(क), ९(ग) क्याङ्दी देउराली सडक दायावाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख | |
| | | | साविक भानुमति नक्सा नं. ९(क), ९(ग) क्याङ्दी देउराली सडक दायावाया मोहडाको जग्गा र वाँकी रहेको कृषिमा | | ५० |
| | | | साविक भानुमति गा.वि.स नक्सा नं. ३(क), ३(ख) राधा कृष्ण र साविक भिमाद गा.वि.स ३(क), ३(ग), ६(ख), ६(ग) भृगुऋषि सडक खण्डको दायाँ वायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख ५० हजार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | साविक भानुमति गा.वि.स नक्सा नं. ३(क), ३(ख) राधा कृष्ण र साविक भिमाद गा.वि.स ३(क), ३(ग), ६(ख), ६(ग) भृगुऋषि सडक खण्डको दायाँ वायाँ मोहडको जग्गा र बाँकी रहेको कृषिमा | | १३७ |
| | | | अन्य सडकको दायाँ वायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख २० हजार | |
| | | | अन्य सडकको दायाँ वायाँ मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ३० |
| ३ | | कृषि क्षेत्र | साविक भिमाद ३(क), ३(ख), ६(क), ७(क) र साविक भानुमति ३(ग), १(ख) को फाँटको जग्गा | | १५ |
| | | | अब्बल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| | | | अन्य खेत/पाखोको जग्गाः | | १० |
| | | | अब्बल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| १ | ९ | व्यापारिक क्षेत्र | बुच्चा, बरपोखरी, रिठ्ठा भञ्ज्याङ्ग च्यानडाँडा बजार क्षेत्र सडक दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख ५० हजार | |
| | | | बुच्चा, बरपोखरी, रिठ्ठा भञ्ज्याङ्ग च्यानडाँडा बजार क्षेत्र सडक दायाँ बायाँका जग्गा र बाँकी रहेको कृषिमा | | ६२ |
| | | | भिमाद सिम्ले जरेवर मोटर मार्ग साविक भानुमति नक्सा नं. २(ङ) सेराबेसी/ ठामडाँडा बेसी बजार क्षेत्र सडक दायावाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ३ लाख | |
| | | | भिमाद सिम्ले जरेवर मोटर मार्ग साविक भानुमति नक्सा नं. २(ङ) सेराबेसी/ ठामडाँडा बेसी बजार क्षेत्र सडक दायावायाको जग्गा र बाँकी रहेको कृषिमा | | ७५ |
| २ | | आवासिय क्षेत्र | भिमभैरव रिठ्ठा भञ्याङ्ग देखि सिमलभञ्ज्याङ्ग सडक दायाँ वायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख ५० हजार | |
| | | | भिमभैरव रिठ्ठा भञ्याङ्ग देखि सिमलभञ्ज्याङ्ग सडक दायाँ वायाँको जग्गा र बाँकी रहेको कृषिमा | | ६२ |
| | | | सिद्धगुफा सडक दायाँ वायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख | |
| | | | सिद्धगुफा सडक दायाँ वायाँको जग्गा र बाँकी रहेको कृषिमा | | ५० |
| | | | जरेवर देखि असपाक्दी पाथर्दी सडक दायाँ वायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख २० हजार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जरेवर देखि असपाक्दी पाथर्दी सडक दायाँ वायाँको जग्गा र बाँकी रहेको कृषिमा | | ३० |
| | | | अन्य सडकको दायाँ वायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख २० हजार | |
| | | | अन्य सडकको दायाँ वायाँको जग्गा र बाँकी रहेको कृषिमा | | ३० |
| ३ | | [illegible] | फाँटको जग्गा | | १५ |
| | | | अब्बल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| | | | अन्य खेत/पाखोको जग्गाः | | १० |
| | | | अब्बल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |

| अनुसुची ३ | | | | | |
|---|---|---|---|---|---|
| **घर बहाल कर** | | | | | |
| **सि.नं.** | **कर सूचि** | **विवरण** | **एकाई** | **दर** | **कैफियत** |
| १ | घर बहाल कर | संघ संस्था सरकारी कार्यालय गोदाम भाडामा दिने | | दश प्रतिशत | |
| | | अन्य प्रयोजनका लागि | | दश प्रतिशत | |
| | | | | | |
| अनुसुची ४ | | | | | |
| **व्यवसाय कर** | | | | | |
| **सि.नं.** | **कर सूचि / विवरण** | **दर** | | | **कैफियत** |
| | ***व्यवसायको विवरण*** | *करको श्रेणी* | | | |
| | | *क* | *ख* | *ग* | |
| १ | होटल, लज एवं साधारण होटल | | | | |
| | १० बेड भन्दा माथि | २००० | | | |
| | ६ देखि १० बेड सम्म | १५०० | | | |
| | ६ बेड सम्म | १००० | | | |
| २ | रेष्टुरेन्ट (मःम, तास, सेकुवा आदि) | ७०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मिठाई पसल | ५०० | | | |
| ४ | कपडा पसल | | | | |
| क | थोक | १५०० | | | |
| ख | खुद्रा | १००० | | | |
| ५ | फेन्सी पसल | १५०० | | | |
| ६ | व्यूटिपार्लर | १००० | | | |
| ७ | कस्मेटिक | ५०० | | | |
| ८ | ऊनी धागो पसल | ५०० | | | |
| ९ | जुत्ता चप्पल पसल | १००० | | | |
| १० | निर्माण सामाग्री (हार्डवयर) | ३००० | | | |
| ११ | खाद्यान्न, किराना | | | | |
| क | थोक | ३००० | | | |
| ख | खुद्रा | ५०० | | | |
| १२ | भाडा र गिफ्ट पसल (थोक/खुद्रा) | २००० | | | |
| १३ | पुस्तक तथा पत्रिका पसल | १००० | | | |
| १४ | छापाखाना | १५०० | | | |
| १५ | आर्ट/फ्लेक्स प्रिन्ट | १००० | | | |
| १६ | फोटो स्टुडियो | १००० | | | |
| १७ | इन्टरनेट इन्ट्रानेट | | | | |
| क | चालु पूँजी ५ लाख सम्म | ४००० | | | |
| ख | चालु पूँजी १० लाख सम्म | ६००० | | | |
| ग | चालु पूँजी १०लाख भन्दा माथि | ८००० | | | |
| १८ | केवल नेटवर्क/ डिसहोम | ६००० | | | |
| **१९** | **एफ.एम संचालन** | | | | |
| **क** | **१०० कि.वा. सम्म** | **१०००** | | | |
| **ख** | **१०० कि.वा . भन्दा माथि** | **२०००** | | | |
| २० | टि.भी.,फ्रिज, घडी, रेडियो बिक्री | २००० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | टि.भी., फ्रिज, घडी, रेडियो आदि मर्मत | ७०० | | | |
| **२२** | **मोबाइल बिक्रि तथा मर्मत** | **१५००** | | | |
| २३ | पंखा तथा स्टोभ मर्मत | ५०० | | | |
| २४ | साइकल बिक्री तथा मर्मत | १००० | | | |
| २५ | मोटरसाइकल, मोटर पार्ट्स/ वर्कसप | २००० | | | |
| २६ | मोटरसाइकल सोरुम | ४००० | | | |
| **२७** | **गाडी सोरुम** | **१५०००** | | | |
| २८ | ड्राईभिङ इन्ष्टिच्यूट | २००० | | | |
| २९ | टायर | | | | |
| क | विक्री | १००० | | | |
| **ख** | **मर्मत** | **५००** | | | |
| **३०** | **ग्रिल उद्योग** | **१५००** | | | |
| **३१** | **टेण्ट हाउस/ साउण्ड सिस्टम** | **१०००** | | | |
| ३२ | लाउण्ड्री पसल | ५०० | | | |
| ३३ | मादल पसल | ४०० | | | |
| ३४ | गोवर ग्याँस कम्पनी | १००० | | | |
| ३५ | पाउरोटी भण्डार | ५०० | | | |
| ३६ | चलचित्र मन्दिर | १००० | | | |
| ३७ | वित्तीय संस्था/सहकारी संस्था | | | | |
| | क र ख वर्गको लागि | १०००० | | | |
| | ग र घ वर्गको लागि | ७००० | | | |
| | लघु वित्त, वचत तथा ऋण सहकारीको लागि | ५००० | | | |
| | **कृषि,महिला सहकारीको लागि** | **५००** | | | |
| ३८ | कलर ल्याव | १५०० | | | |
| ३९ | औषधी पसल मात्र | | | | |
| क | भिमाद बजार क्षेत्र | २००० | | | |
| ख | भिमाद बजार बाहिरको हकमा | ५०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | निजी अस्पताल/ पोलिक्लिनिक | ४००० | | | |
| ४१ | पशु औषधी पसल | | | | |
| क | बजार क्षेत्र | १५०० | | | |
| **ख** | **ग्रामिण क्षेत्र** | **५००** | | | |
| ४२ | बीज भण्डार | | | | |
| क | बजार क्षेत्र | १००० | | | |
| **ख** | **ग्रामिण क्षेत्र** | **५००** | | | |
| **४३** | **दाना विक्रि पसल** | **१०००** | | | |
| **४४** | **इलेक्ट्रिक (बिजुली)** | | | | |
| **क** | **थोक** | **३०००** | | | |
| **ख** | **खुद्रा** | **१५००** | | | |
| ४५ | रंगरोगन विक्री | ३००० | | | |
| ४६ | फर्निचर उद्योग | | | | |
| क | स.मिल | ४००० | | | |
| **ख** | **सर्कुलर** | **२०००** | | | |
| ग | फर्निचर पसल | २००० | | | |
| ४७ | मिल कुटानि पिसानी | १००० | | | |
| ४८ | सुनचाँदी प्रा.लि | ५००० | | | |
| ४९ | सुनचाँदी पसल | ३००० | | | |
| ५० | आइसक्रिम | | | | |
| क | उद्योग | १००० | | | |
| ख | पसल | ५०० | | | |
| ५१ | कपडा सिलाई | | | | |
| **क** | **सर्टिङ्ग सुटिङ्ग** | **१५००** | | | |
| **ख** | **सिलाई कटाई** | **५००** | | | |
| ५२ | हेयर कटिङ्ग | | | | |
| क | दुई कुर्चि सम्म | ५०० | | | |
| ख | दुई कुर्चि भन्दा बढी | १००० | | | |
| ५३ | ल फर्म | ७०० | | | |
| ५४ | बोर्डिङ्ग स्कुल आधारभुत विद्यालय | ३००० | | | |
| | बोर्डिङ्ग स्कुल मावि | ४००० | | | |
| | निजी क्याम्पस | ५००० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५५ | निर्माण व्यवसायी (घ वर्गको) नविकरण | २५०० | | | |
| | शुरु दर्ता | १०००० | | | |
| | प्रतिलिपी/नामसारी | २००० | | | |
| | जरिवाना | २५०० | | | |
| ५६ | आयल पम्प | ३००० | | | |
| ५७ | फोटोकपि,कुरीयर, फ्याक्स, कम्प्युटर र टेलिफोन (सेवा) | १००० | | | |
| ५८ | अन्य उद्योग | | | | |
| **क** | **साना** | **३०००** | | | |
| **ख** | **घरेलु** | **५००** | | | |
| **ग** | **लघु** | **५००** | | | |
| ५९ | सपिङ्ग सेन्टर | ५००० | | | |
| ६० | तरकारी/फलफूल पसल | ५०० | | | |
| ६१ | चश्मा पसल | ५०० | | | |
| ६२ | दाँत बनाउने पसल | २००० | | | |
| ६३ | **सार्वजनिक बाँझो जग्गा नगरपालिकाको कार्यविधि बमोजिम उपयोग गरेबापत लाग्ने शुल्क प्रति रोपनी** | **१००** | | | |
| ६४ | माछा, मासु पसल | १००० | ५०० | | |
| ६५ | नर्सरी र फलफुलका विरुवा विक्री वितरण | ५०० | | | |
| ६६ | माटोको भाडा बनाउने | ५०० | | | |
| ६७ | टेक्निकल इन्स्टिच्यूट/ भाषा शिक्षण/ ट्यूसन/ कोचिङ्ग/ होस्टेल | २००० | | | |
| ६८ | कन्सल्टेन्सी फर्म (इन्जिनियर,ओभरसियर) संस्थागत/नविकरण | ५००० | | | |
| | इन्जिनियर दर्ता | २००० | | | |
| | ओभरसियर दर्ता | १५०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६९ | ज्योतिष | ५०० | | | |
| ७० | शैक्षिक/वैदेशिक रोजगार कन्सल्टेन्सी फर्म | २००० | | | |
| ७१ | अडिटर फर्म | २००० | | | |
| ७२ | सिलाई, बुनाई, पेन्टिङ्ग, कटिङ्ग प्रशिक्षण | ५०० | | | |
| ७३ | विषय विशेषज्ञ /विज्ञ | ७०० | | | |
| ७४ | विभिन्न प्रयोगशाला (ल्याब) | १००० | | | |
| ७५ | स्नुकर/पुलवोर्ड | ५०० | | | |
| ७६ | भिडियो गेम | ५०० | | | |
| ७७ | इट्टा भट्टा | ३००० | | | |
| ७८ | रेमिटेन्स सेवा मात्र | १००० | | | |
| ७९ | कटिङ्ग ढुंगा | २००० | | | |
| ८० | क्रसर उद्योग | ५०००० | | | |
| ८१ | ब्लक उद्योग | ३००० | | | |
| ८२ | क्याटरिङ्ग सेवा | १००० | | | |
| ८३ | लेखापढी व्यवसाय | ५०० | | | |
| ८४ | मेशिनरी / टुल्स | १००० | | | |
| ८५ | प्लाई/ सिसा पसल | १००० | | | |
| ८६ | डान्स/ म्यूजिक प्रशिक्षण सेन्टर | १००० | | | |
| ८७ | स्पोर्ट्स हाउस | १००० | | | |
| ८८ | पशुपन्छी/ मत्स्यपालन | ५०० | | | |
| ८९ | पुजा सामाग्री पसल | ५०० | | | |
| ९० | खेलौना/ गुडिया/ कुशन बनाउने उद्योग-पसल | ५०० | | | |
| ९१ | हल्का पेय पदार्थ विक्रि पसल | ५०० | | | |
| ९२ | मदिरा पसल | | | | |
| क | थोक | २००० | | | |
| ख | खुद्रा | १००० | | | |
| ९३ | कृषि समूह दर्ता | ५०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | /नविकरण | | | | |
| ९४ | कृषि/पशु फर्म (दर्ता /नविकरण) | १००० | | | |
| ९५ | मोबाइल टावर | १०००० | | | |
| | *माथि वर्गिकरणमा समावेश नभएका सेवा व्यवसायको कारोबार वा स्तर हेरी वार्षिक रु. ५००। देखि १००००। सम्म नगरकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।* | | | | |
| अनुसुची ५ | | | | | |
| **जडिबुटी कवाडी र जीवजन्तु कर** | | | | | |
| **सि.नं.** | **कर सूचि** | **दर** | | | **कैफियत** |
| **१** | **कवाडी सामानको थोक बिक्रेता** | **३०००** | | | |
| अनुसुची ६ | | | | | |
| **विज्ञापन कर** | | | | | |
| **सि.नं.** | **कर सूचि** | **विवरण** | **एकाई** | **दर** | **कैफियत** |
| १ | विज्ञापन | साईनबोर्ड, ग्लोबोर्ड, होडिङबोर्ड, स्टल आदिमा २५ वर्गफूट सम्म | | ४०० | |
| | | साईनबोर्ड, ग्लोबोर्ड, होडिङबोर्ड, स्टल आदिमा २५ वर्गफूट भन्दा माथि | | ७०० | |
| | | तुल ब्यानर (प्रति ब्यानर) | १ हप्ताको लागि | ५० | |
| | | | १ हप्ता भन्दा बढी | १०० | |
| | | | | | अनुसुची ७ |
| **मनोरञ्जन कर** | | | | | |
| **सि.नं.** | **कर सूचि** | **विवरण** | **एकाई** | **दर** | **कैफियत** |
| १ | मनोरञ्जन कर | जादु सर्कस र खेलतमासा | प्रति दिन | ५०० | |
| | | अन्य मनोरञ्जन करको दर गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०७७ ले तोके बमोजिम हुनेछ । | | | |
| अनुसुची ८ | | | | | |
| **पटके व्यवसाय कर** | | | | | |
| **सि.नं.** | **कर सूचि** | **विवरण** | **एकाई** | **दर** | **कैफियत** |
| १ | फेन्सी/खुद्रा सामान गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि | | प्रति पटक | ५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | खाद्यान्न सामान गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि | | प्रति पटक | ५० | |
| ३ | आलु/तरकारी गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि | | प्रति पटक | २० | |
| ४ | **पोका/झोलामा सामान राखी मानिस आफैले बेच्ने** | | **प्रति पटक** | **२०** | |
| | **पोका/झोलामा सामान राखी साइकलमा लिएर बेच्ने** | | **प्रति पटक** | **२५** | |
| | **पोका/झोलामा सामान राखी मोटरसाइकलमा लिएर बेच्ने** | | **प्रति पटक** | **५०** | |
| **५** | **रांगा भैसी आयात** | | **प्रति गोटा** | **१००** | |
| ६ | **खसी बोका बंगुर आयात** | | **प्रति गोटा** | **२०** | |
| ७ | **हाँस कुखुरा र अन्य पंक्षी** | **प्रति गाडी** | | **१००** | |
| | | **प्रति मोटरसाईकल** | | **५०** | |
| | | **प्रति साईकल** | | **२५** | |
| ८ | **चना चटपट पानी पुरी** | **प्रति दिन** | | **२०** | |
| | नोटः डोका डाला मा तरकारी तथा फलफुल राखी बजारमा घुमाएर बेच्ने किसानहरुको हकमा पटके व्यवसाय कर लिईने छैन . | | | | |

अनुसुची ९

**पार्किङ शुल्क**

| **सि.नं.** | **कर सूचि** | **विवरण** | **एकाई** | **दर** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | सवारी पार्किङ शुल्क | ठूला सवारी साधन | | ३० | |
| | | बस, मिनिबस, ट्क, ट्याक्टर | | २५ | |
| | | साना सवारी साधन | | १५ | |
| | | स्कुटर,मोपेड,मोटरसाइकल | | ५ | |

अनुसुची १०

**सेवा शुल्क दस्तुर**

| **सि.नं.** | **कर सूचि** | **विवरण** | **एकाई** | **दर** | **कैफियत** |
|---|---|---|---|---|---|
| क | सिफारिस/प्रमाणित | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | | | ५०० | |
| २ | मोही लगत कट्टा सिफारिस | | | ५०० | |
| **३** | **घर कायम सिफारिस** | | | **५००** | **न.पा.मा कायम गर्दा शुल्क नलाग्ने** |
| ४ | सर्जमिन मुचुल्का | | | ३०० | |
| **५** | **छात्रवृत्ति सिफारिस** | **विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस** | | **निःशुल्क** | |
| | | **अन्य** | | **२००** | |
| **६** | **अस्थाई बसोबास सिफारिस** | | | **५००** | |
| ७ | स्थाई बसोबास सिफारिस | | | ५०० | |
| ८ | नागरिकता सिफारिस | नागरिकता/ प्रतिलिपी | | २०० | |
| ९ | अंगिकृत नागरिकता सिफारिस | | | ३०० | |
| १० | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | | ५०० | |
| | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | | निःशुल्क | |
| ११ | विद्युत जडान सिफारिस | | सामान्य | ५०० | विपन्नलाई निःशुल्क |
| | | | थ्रिफेज | १५०० | |
| १२ | धारा जडान सिफारिस | | | ५०० | |
| १३ | जिवित रहेको सिफारिस | | | ५०० | |
| १४ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस / फरक जन्म मिति संशोधन सिफारिस | | | ५०० | |
| १५ | जग्गा मूल्यांकन सिफारिस/हैसियत प्रमाणित | रु. ५ लाखसम्म | | ५०० | |
| | | रु. ५ लाखदेखि ५० लाखसम्म | | २००० | |
| | | रु. ५० लाख माथि | | ३००० | |
| | | पुनः संशोधन वा प्रतिलिपि लिंदा जुन प्रयोजनका लागि सिफारिस गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत मात्र राजश्व लिईनेछ । | | | |
| १६ | व्यवसाय बन्द सिफारिस | | | ५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | व्यवसाय संचालन नभएको सिफारिस | | | ५०० | |
| १८ | व्यापार व्यवसाय नभएको सिफारिस | | | ५०० | |
| १९ | कोर्ट फि मिनाहा सिफारिस | | | १०० | |
| २० | नाबालक परिचयपत्र सिफारिस | | | २०० | |
| **२१** | **चौपाया ढुवानी सिफारिस** | | | **५००** | |
| **२२** | **उद्योग र व्यवसाय दर्ता सिफारिस** | **घरेलु/लघु** | | **५००** | |
| | | **साना** | | **५००** | |
| | | **मझौला** | | **१०००** | |
| | | **ठूला** | | **१५००** | |
| २३ | उद्योग ठाँउसारी सिफारिस | | | १००० | |
| २४ | विद्यालय ठाँउसारी सिफारिस (संस्थागत) | | | १००० | |
| २५ | आन्तरिक बसाईसराई सिफारिस | | | ३०० | |
| २६ | विद्यालय संचालन स्वीकृत सिफारिस/ अनुमती (संस्थागत) | मन्टेश्वरी | | २००० | |
| | | आधारभुतसम्म | | २००० | |
| | | माध्यमिकसम्म | | ४००० | |
| | | क्याम्पससम्म | | ६००० | |
| | विद्यालय कक्षा वृद्धि सिफारिस/ अनुमती (संस्थागत) | आधारभुतसम्म | | ५०० | |
| | | माध्यमिकसम्म | | १००० | |
| | | क्याम्पससम्म | | १५०० | |
| २७ | शिक्षक सरुवा सिफारिस | जिल्ला भित्र | | ५०० | |
| | | जिल्ला वाहिर | | १००० | |
| २८ | शिक्षक अभिलेखीकरण | प्रावि तह | | ५०० | |
| | | निमावि तह | | ७०० | |
| | | मावि तह | | १००० | |
| २९ | विषय विज्ञ (शिक्षक) सूचीकृत आवेदन दस्तुर | मा.वि तह | | १००० | |
| | | आ.वि | | ७५० | |
| ३० | लेखपरीक्षक सूचीकृत दस्तुर | | | ५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | सामुदायिक विद्यालय प्रमाणिकरण | | | १०० | |
| ३२ | आधारभूत तहको शैक्षिक प्रमाणपत्र नामथर जन्म मिति सच्याउने दस्तुर | | | २०० | |
| ३३ | व्यक्तिगत विवरण सिफारिस | | | ५०० | |
| ३४ | जग्गा दर्ता सिफारिस | १ रोपनी सम्म | बजार क्षेत्र | १५०० | |
| | | | आवास क्षेत्र | १००० | |
| | | | कृषि क्षेत्र | ५०० | |
| | | १ रोपनी भन्दा माथि प्रति रोपनी थप | बजार क्षेत्र | ३०० | |
| | | | आवास क्षेत्र | २०० | |
| | | | कृषि क्षेत्र | १०० | |
| **३५** | **संरक्षक सिफारिस** | **व्यक्तिगत** | | **निःशुल्क** | |
| **३६** | **संरक्षक सिफारिस** | **संस्थागत** | | **५००** | |
| **३७** | **नेपाल सरकारको नाममा बाटो कायम सिफारिस** | | | **निःशुल्क** | |
| ३८ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस (प्लटिङ) | | | १००० | |
| ३९ | जिवितसँगको नाता प्रमाणित | | | ५०० | |
| ४० | मृतकसँगको नाता प्रमाणित | | | ५०० | |
| ४१ | कोठा खोल्न कार्य/ रोहबरमा बस्ने कार्य | | | ५०० | |
| **४२** | **निःशुल्क स्वास्थ्य उपचार सिफारिस** | | | **निःशुल्क** | |
| ४३ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | | | ५०० | |
| **४४** | **संस्था सम्बन्धी सिफारिस** | **दर्ता सम्बन्धी सिफारिस** | | **३००** | |
| | | **नवीकरण सम्बन्धी सिफारिस** | | **३००** | |
| **४५** | **घर बाटो प्रमाणित** | **सहायक राजमार्ग पक्की** | **प्रति कित्ता** | **५००** | |
| | | **सहायक राजमार्ग कच्ची सडक** | | | |
| | | **शाखा पक्की सडक** | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **शाखा कच्ची सडक** | | | |
| | | **बाटो नभएको** | | | |
| ४६ | चार किल्ला प्रमाणित | वडा नं. ३ को जलौदी क्षेत्र,वडा नं. ५को समथर क्षेत्र,वडा नं. ६ , वडा नं. ७ को सिस्नेरी वडा नं. ६ को सिमाना क्षेत्र, वडा नं. ८ को सिम्ले सम्म | | ५०० | |
| | | माथि उल्लेखित बाहेक सबै क्षेत्र | | ४०० | |
| ४७ | जन्ममिति प्रमाणित | | | ५०० | |
| ४८ | विवाह प्रमाणित | | | ५०० | |
| **४९** | **घर पाताल प्रमाणित** | | | **निःशुल्क** | |
| ५० | कागज/मञ्जुरीनामा प्रमाणित | | | ५०० | |
| **५१** | **हकवाला वा हकदार प्रमाणित** | | | **५००** | |
| **५२** | **अविवाहित प्रमाणित** | | | **५००** | |
| **५३** | **जग्गा रेखांकनको कार्य/ सो कार्यमा रोहबर** | | | **३००** | |
| ५४ | जग्गा धनीपूर्जा हराएको सिफारिस | | | ५०० | |
| ५५ | पुर्जामा घरकायम गर्ने सिफारिस | | | ५०० | |
| ५६ | अंग्रेजी सिफारिस तथा प्रमाणित | | | ७०० | |
| ५७ | मिलापत्र कागज | | | ५०० | |
| ५८ | जन्म दर्ता | जन्मदर्ता | | ५० | पैतिस दिनभित्र गरेमा निःशुल्क |
| | | प्रतिलिपि | | ५० | |
| ५९ | मृत्यू दर्ता | मृत्यूदर्ता | | ५० | पैतिस दिनभित्र गरेमा निःशुल्क |
| | | प्रतिलिपि | | ५० | |
| ६० | बसाईसराई दर्ता | दर्ता | | ५० | पैतिस दिनभित्र गरेमा निःशुल्क |
| | | प्रतिलिपि | | ५० | |
| ६१ | सम्बन्ध विच्छेद दर्ता | दर्ता | | ५० | पैतिस दिनभित्र गरेमा निःशुल्क |
| | | प्रतिलिपि | | ५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६२ | विवाह दर्ता | विवाह दर्ता | | ५० | पैतिस दिनभित्र गरेमा निःशुल्क |
| | | प्रतिलिपि | | ५० | |
| ६३ | जन्म दर्ता प्रमाण पत्रमा नामथर र जन्ममिति सच्याउने | | | २०० | ऐनमा भए बमोजिम हुने |
| ६४ | उल्लेखित बाहेक अन्य स्थानीय आवश्यकता अनुसारका सिफारिस/प्रमाणितहरु | | | ५०० | |
| ६५ | पेन्सन कार्ड वा सो सम्बन्धी सिफारिस | हकवाला संरक्षण सम्बन्धी सिफारिस | | ५०० | |
| | | पेन्सन पारिवारीक विवरण सिफारिस | नेपाल | ३०० | |
| | | | भारत | ७०० | |
| | | | अन्य देश | १००० | |
| | | पेन्सनका लागि अन्य सिफारिस | नेपाल | २०० | |
| | | | भारत | ५०० | |
| | | | अन्य देश | ७०० | |
| ६६ | **संघ संस्था सम्बन्धी दस्तुर शुल्क** | **दर्ता सम्बन्धी दस्तुर** | | **५००** | |
| | | **नवीकरण सम्बन्धी दस्तुर** | | **५००** | |
| | | **प्रमाणित सम्बन्धी दस्तुर** | | **५००** | |
| ६७ | काठ दाउरोको सिफारिस | **खयर, साल, सिसौ, चाप लगायत मूल्यवान काठहरु** | **प्रति क्यूविक फिट** | **५०** | |
| | | अन्य (कु काठ) | प्रति ट्याक्टर | ५०० | |
| | | | प्रति ट्रक | १५०० | |
| | | **सिफारिस** | | **५००** | |
| ६८ | सनाखतको सिफारिस | | | ३०० | |
| ६९ | अमिन शुल्क | | | २५०० | |
| ७० | टेलिफोन सिफारिस | | | ५०० | |
| **७१** | **टेलिफोन टावर सिफारिस/ अनुमति सिफारिस** | | | **१०००** | |
| ७२ | प्लटिङ्ग सेवा शुल्क | पाँच रोपनी का लागि | प्रति रोपनी | १०००० | प्लटिङको मापदण्ड लागू हुने |
| | | पाँच रोपनी देखि दश रोपनी सम्म | प्रति रोपनी | ७००० | |
| | | दश रोपनी देखि माथि | प्रति रोपनी | ५००० | |
| **ख** | **अन्य सिफारिस/प्रमाणित** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सिफारिस निवेदन दस्तुर | | | निःशुल्क | |
| २ | निवेदन दस्तुर | उजुरी | | १०० | |
| ३ | भवन निर्माण दरखास्त फाराम (पुस्तक) | | | १००० | |
| ४ | परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क | अधिकृत | | १००० | |
| | | सहायक स्तर | | ४०० | |
| | | सहयोगी स्तर | | ३०० | |
| ५ | कोटेशन फाराम शुल्क | | | आर्थिक प्रशासन नियमानुसार | |
| ६ | टेन्डर फाराम शुल्क | | | आर्थिक प्रशासन नियमानुसार | |
| ७ | उजुरी निवेदन / मिसिल नक्कल | | प्रति पाना | १० | |
| ८ | घरपालुवा कुकुर दर्ता र नवीकरण दस्तुर | | | १०० | |
| ९ | भरुवा बन्दुक सिफारिस दस्तुर | | | १०० | |
| १० | घर निर्माण नक्शाको नक्कल दस्तुर | | | ५०० | |
| | घर निर्माण प्रमाणापत्र नामसारी | | | ५०० | |
| ११ | घर नक्शा पास घरकायम रअभिलेखिकरण दस्तुर | | | | |
| | भौतिक संरचनाको विवरण | | करको दर (प्रति व.फि.) | | |
| | | | नक्शापास क्षेत्र | | |
| | | | नयाँ भौतिक संरचना | अभिलेखिकरण | |
| क | आर.सी.सी. फ्रेम स्ट्रक्चर | एक ढलान सम्म | ५ | ४ | |
| | | दुई ढलान सम्म | ६ | ५ | |
| | | सोभन्दा माथि | ८ | ६ | |
| ख | सिमेन्टको जोडाइमा इट्टा वा ढुंगाको गारो (न्यूनतम २३ से.मी. मोटाई)आर.सी.सी. टायल जस्तापाता छाना | | ४ | ३ | |
| ग | माटोको जोडाईमा इट्टा वा ढुंगाको गारो— कच्ची घरको हकमा १ तला सम्म एकमुष्ट रु. ५०० र दुई तला र सोभन्दा माथि रु. ७५० लाग्नेछ । | | | | |
| १२ | न्क्ष्क नक्सा ७४ साईज | प्रति पाना सादा | २५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रति पाना रंगिन | १०० | | |
| १३ | सरसफाई शुल्क | बजार क्षेत्र | १०० | | |
| | | बजार क्षेत्र बाहेक | ५० | | |
| अनुसुची ११ | | | | | |
| **साना सवारी साधन कर** | | | | | |
| **सि.नं.** | **कर सूचि** | **विवरण** | **एकाई** | **दर** | **कैफियत** |
| **१** | **अटो रिक्सा, ई-रिक्सा** | | **वार्षिक कर** | **५००** | |
| | | | **दर्ता शुल्क** | **१००** | |
| | | | **नामसारी दस्तुर** | **१००** | |
| अनुसुची १२ | | | | | |
| **पर्यटन शुल्क** | | | | | |
| **सि.नं.** | **कर सूचि** | **विवरण** | **एकाई** | **दर** | **कैफियत** |
| १ | गण्डकी प्रदेश सरकारको आर्थिक ऐन २०७७ अनुसार हुनेछ । | | | | |

प्रमाणिकरण मितिः २०७७/०३/१४

आज्ञाले,
थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

## भाग १

## भिमाद नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्बत् २०७७ सालको ऐन नं. ३

## भिमाद नगरपालिकामा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

**प्रस्तावनाः** स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गर्न, वातावरण र विकासबीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२१ बमोजिम अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित वातावरण, प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयनका लागि कानूनी व्यवस्था गर्न तथा वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ (२) (ग) ले दिएको अधिकार प्रयोग गरी नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद– १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भिमाद नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन नगरसभाबाट पारित भई प्रमाणिकरण भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"अनुकुलन"** भन्नाले जलवायू परिवर्तनको असर र सम्भाव्य जोखिमको आँकलन गरी परिवर्तित जलवायु सुहाउँदो अनुकुल हुने गरी रुपान्तरण गर्ने तथा थप हानी नोक्सानी रोकथाम वा न्युनिकरण गर्ने कार्य सम्झनुपर्छ ।

(ख) **"उत्सर्जन"** भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस वा धुवाँ निष्कासन गर्ने कार्य सम्झनु पर्छ ।

(ग) **"नगर कार्यपालिका"** भन्नाले भिमाद नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) **"खुल्ला क्षेत्र"** भन्नाले मानिसहरु जमघट हुन सक्ने, विभिन्न कार्यक्रम र पर्व मनाउन सक्ने, सार्वजनिक हित तथा विपद् व्यवस्थापनमा समेत सहयोग पुग्ने गरी सुरक्षित गरिएको खुल्ला स्थल सम्झनुपर्छ ।

(ङ) **"जलवायु परिवर्तन"** भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायूको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरवदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनुपर्छ ।

(च) **"जोखिमपूर्ण फोहर"** भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने र मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी गर्ने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरणलाई सम्झनु पर्छ ।

(छ) **"जैविक विविधता"** भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइभरसिटी) तथा वंशाणुगत विविधता (जेनेटिक डाइभरसिटी) सम्झनुपर्छ ।

(ज) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(झ) **"निष्काशन"** भन्नाले ध्वनि, ताप वा फोहरमैला फाल्ने, थुपार्ने वा निष्काशन गर्ने कार्य सम्झनु पर्छ

(ञ) **"परिषद"** भन्नाले दफा ५१ बमोजिमको स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद सम्झनु पर्छ ।

(ट) **"प्रदूषण"** भन्नाले फोहरमैला, रसायन, ध्वनि वा विद्युतिय, चुम्वकीय तरंगका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति गर्ने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी गर्ने क्रियाकलाप सम्झनु पर्छ ।

(ठ) **"प्रस्ताव"** भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू–उपयोगमा कुनै परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ।

(ड) **"प्रस्तावक"** भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था सम्झनु पर्छ ।

(ढ) **"फोहरमैला"** भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अबस्थामा रहेको, फालिएको वा सडेगलेको वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्यास, लेदो, धूवाँ, धूलो, विद्युतिय तथा सूचना प्रविधिका लागि प्रयोग भएका लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएको पोष्टर, पम्प्लेट तथा नगर कार्यपालिकाले समय समयमा सूचना प्रकाशन गरी फोहरमैला भनि तोकिदिएका अन्य वस्तु समेतलाई सम्झनु पर्छ ।

(ण) **"वन"** भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ ।

(त) **"वन पैदावार"** भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका पैदावार सम्झनु पर्छ ।

(१) काठ, दाउरा, गोल, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला, पिपली

(२) रुख, विरुवा, पात, डाँठ, फल, बीज, फूल, भुवा, जरा, गानो, बोक्रा, जङ्गली जडीबुटी एवं गैरकाष्ठ वन पैदावार, जङ्गली मह, वनस्पति तथा तिनको विभिन्न भाग वा सूक्ष्म अङ्ग,

(३) वन्यजन्तु, पशुपंक्षी वा वन्यजन्तुको ओखेटोपहार ।

(थ) **"वातावरण"** भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनको अवयवहरु तथा ती अवयवहरुको बिचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ ।

(द) **"वातावरणीय अध्ययन"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ ।

(ध) **"सम्पदा"** भन्नाले नगरपालिका क्षेत्र भित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट महत्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना स्थान, वनस्पति तथा जीव जन्तु सम्झनु पर्छ ।

(न) **"संरक्षण"** भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ ।

(प) **"संक्षिप्त वातावरणिय अध्यायन"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

(फ) **"प्रारम्भिक वातावरणीय परीक्षण"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकीन गर्नुका साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(व) **"वातावरणीय प्रभाव मूल्याङ्कन"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा वृहत रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

## परिच्छेद २

## वातावरण संरक्षण

**३. वातावरण संरक्षण गर्नुपर्नेः** (१) आफ्नो क्षेत्राधिकार क्षेत्र भित्र वातावरण संरक्षण गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) वातावरण संरक्षण, प्रवर्द्धन र वातावरणमैत्री समाज निर्माणमा योगदान गर्नु नागरिकको कर्तव्य हुनेछ ।

**४. वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्नेः** (१) प्रचलित भू–उपयोग नीति समेतलाई मध्यनजर गर्दै नगरपालिका भित्र वातावरणका दृष्टिले संरक्षण आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा निर्माण कार्यको प्रारम्भिक अध्ययन प्रक्रिया शुरु हुनु अगाडि नै संघ र प्रदेशका सम्बन्धित निकायसँग समन्वय गरी नगर कार्यपालिकाले कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुल्ला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ।

(३) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भुःस्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक प्रभाव परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा नगर कार्यपालिकाले प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरी त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोक्न सक्नेछ ।

(४) उपफदा (१), (२) र (३) बमोजिमको वातावरण संरक्षण विशेष क्षेत्र, खुल्ला वा हरियाली क्षेत्र र संवेदनशील क्षेत्रको व्यवस्थापन तोकिए बमोजिम नगर कार्यपालिकाबाट हुनेछ ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापन गर्दा नगर कार्यपालिकाले आवश्यकता अनुसार प्रदेश र संघसँग समन्वय गर्नेछ ।

**५. <u>सम्पदाको संरक्षण गर्नुपर्ने:</u>** (१) नगरपालिका क्षेत्रभित्र रहेका सम्पदाको संरक्षण गर्नु नगर पालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) सम्पदाको संरक्षणका लागि नगर कार्यपालिकाले सरकारी तथा समुदायसँग समन्वय तथा साझेदारी गर्न सक्नेछ ।

**६. <u>मापदण्ड र गुणस्तर कायम गर्नुपर्ने:</u>** (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुनेगरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ।

**७. <u>प्रस्ताव सम्बन्धी अन्य व्यवस्था:</u>** (१) वातावरणीय प्रभाव मूल्यांकन हुने प्रस्तावहरु सम्बन्धी कार्यविधि प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ ।

(२) संघीय तथा प्रादेशिक कानुन बमोजिम वातावरणीय अध्ययन सम्बन्धमा सम्बन्धित संघीय तथा प्रादेशिक निकायसँग समन्वय गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

**८. <u>रोक लगाउन सक्ने:</u>** (१) कसैले पनि यस ऐन र प्रचलित कानूनले तोके वमोजिमको निकायवाट स्वीकृति नलिई वा स्वीकृति भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा नगर कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयनमा रोक लगाउन वा रोक लगाउनको लागि प्रदेश सरकार तथा संघीय सरकार वा स्वीकृत गर्ने निकायमा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सो बापत कुनै किसिमको क्षतिपुर्तिको लागि दाबी गर्न पाउने छैन ।

**९. <u>अनुकूलन योजना बनाउन सक्ने:</u>** (१) जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनिकरण र सम्भावित जोखिमबाट बच्नका लागि नगर कार्यपालिकाले अनुकूलन योजना बनाई कार्यान्वयन गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुकुलन योजना बनाउँदा जलवायू परिवर्तनको असरवाट वढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

(३) नगर कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायू परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम प्रथामिकीकरण गर्नुपर्नेछ ।

**१०. <u>हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण कार्यहरू गर्न सक्नेः</u>** (१) नगरपालिकाले हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) न्यूनिकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**११. <u>प्रदूषण रोकथाम तथा नियन्त्रण गर्नेः</u>** (१) कसैले पनि प्रचलित मापदण्ड विपरीत वा जनजीवन, जन–स्वास्थ र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण सृजना गर्नु गराउनु हुँदैन ।

(२) तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान, होटल रेष्टुरेण्ट वा अन्य ठाउँमा मालसामान वा वस्तुवाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण, तरङ्ग वा फोहरमैला वा दुषित पानी निस्कासन गर्न गराउन हुँदैन ।

(३) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा नगरपालिकाले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश र संघीय सरकारलाई सोको जानकारी गराई नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोग, उत्पादन, विक्री वितरण, भण्डारणमा बन्देज लगाउन सक्नेछ र आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

(५) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. <u>प्रयोगशाला स्थापना गर्न सक्नेः</u>** (१) वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग गर्न नगरपालिकाले संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरु

स्थापना गर्न वा संघ र प्रदेशले स्थापना गरेका वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. <u>नमुना संकलन गर्न दिनुपर्ने</u>:** कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निस्कासन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, ताप तथा फोहरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वा संस्थाले नगरपालिकाबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

## परिच्छेद–३

## वातावरणीय अध्ययन

**१४. <u>वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने</u>:** (१) प्रस्तावकले तोकिए वमोजिमको ढाँचामा संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि तोकिए बमोजिमको प्रक्रिया पूरा गरी नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत स्वीकृतिको लागि पेश भएका वातावरणीय अध्ययन प्रतिवेदन त्यस्तो प्रतिवेदन पेश गर्दाका बखत प्रचलनमा रहेको कानूनी व्यवस्था अनुसार स्वीकृत गर्न बाधा पुग्ने छैन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राचीन स्मारक सम्बन्धी कानून बमोजिम प्राचीन स्मारक मानिने सम्पदाको सोही रुपमा पुनर्निर्माण गर्दा वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने छैन ।

(५) वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने वारे अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. <u>विकल्पको विस्तृत विश्लेषण गर्नुपर्ने</u>:** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने अनुकुल।प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन

सकिने विभिन्न विकल्पहरुको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवं दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नुपर्ने विधि तथा प्रक्रिया समेत उल्लेख गर्नु पर्नेछ ।

**१६. <u>क्षेत्र निर्धारण र कार्य सुची:</u>** (१) यस ऐन वमोजिम कुनै प्रस्ताव तयार गर्नुपुर्व नगरपालिकावाट त्यस्तो प्रस्तावको क्षेत्र निर्धारण गरी कार्यसुची तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिमको कार्यसुची र क्षेत्र निर्धारण दफा १९ वमोजिम गठित सिफारिस समितिले गर्नेछ ।

**१७. <u>वातावरणिय अध्ययन गर्नुपर्ने क्षेत्रहरु:</u>** (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व कार्यसुची स्वीकृत गरी देहाय बमोजिमका क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्नेछ ।

(क) वन

(ख) उद्योग

(ग) खानी

(घ) व्यक्तिगत जमिन कृषि प्रयोजन, आवास, भवन तथा वस्ती विकास

(ङ) खानेपानी

(च) फोहोरमैला व्यवस्थापन

(छ) स्वास्थ्य

(ज) नदिजन्य पदार्थको उत्खनन् तथा संकलन

**१८. <u>मापदण्ड एवं गुणस्तर कायम गर्नुपर्ने:</u>** (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नगरपालिकाले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड वा गुणस्तर विपरीत वा त्यस्तो मापदण्ड पालना नगरी प्रतिवेदन पेश भएमा त्यस्तो प्रतिवेदन तयार गर्ने परामर्शदाताले बढीमा पाँच वर्षसम्म वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न पाउने छैन ।

**१९. <u>सिफारिस समिति गठन गर्ने:</u>** (१) संक्षिप्त वातावरणिय अध्यायन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी एक सिफारिस समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत –संयोजक,

(ख) अधिकृत प्रतिनिधि – स्थानीय सव डिभिजन वन कार्यालय,

(ग) सदस्य - सम्वन्धित क्षेत्रमा विज्ञ मध्येवाट समितिले मनोनयन गरेको एक जना,

(घ) सदस्य - नगरपालिकाको वातावरण शाखा प्रमुख वा संयोजकले तोकेको व्यक्ति एक जना,

(ङ) सदस्य सचिव - प्राविधिक शाखा प्रमुख वा संयोजकले तोकेको ईन्जिनियर ।

(२) यस समितिले वातावरणिय अध्ययन सम्वन्धी प्रस्तावको कार्यसुची तथा अध्ययन प्रतिवेदन स्वीकृतीका लागी नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

**२०. <u>समितिको बैठकः</u>** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि वा सम्वन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**२१. सिफारिस समितिको काम, कर्तव्य र अधिकारः** (१) सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(२) नगरपालिकाको विकास निर्माण तथा अन्य दीर्घकालीन नीति, योजना तथा कार्यक्रममा वातावरण सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान नगरपालिकालाई आवश्यक सिफारिस गर्ने ।

(३) नगरपालिकाको वातावरणिय अध्ययन सम्वन्धी कार्यलाई मार्गदर्शन प्रदान गर्ने ।

(४) नगरपालिकामा पेश भएका वातावरणिय अध्ययन सम्वन्धी कार्यहरुको कार्यसुची तथा प्रतिवेदनहरुको अध्ययन, मूल्याङ्कन र विश्लेशण गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने।

**२२. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिः (१)** कसैले पनि यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउनु हुँदैन ।

(२) दफा १९ वमोजिमको सिफारिस समितिबाट स्वीकृतिका लागि पेश हुने संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन नगर कार्यपालिकाले स्वीकृत गर्नेछ ।

**२३. रणनीतिक वातावरणीय विश्लेषणः** (१) नगरपालिका भित्र सञ्चालन हुने विशेष महत्वका विकास निर्माणका क्रियाकलाप तथा अन्य तोकिएका वमोजिमका कार्यहरु नीति, कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नुअघि त्यस्तो नीति, कार्यक्रम वा आयोजनाको सम्बन्धमा रणनीतिक वातावरणीय विश्लेषण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रणनीतिक वातावरणीय विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२४. वातावरणीय व्यवस्थापन योजनाः** (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नुअघि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकुल प्रभाव न्यूनीकरणका उपायहरु मध्ये कुन–कुन उपायहरु आयोजना निर्माणको क्रममा र कुन–कुन उपायहरु आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो समेत उल्लेख गर्नु पर्नेछ ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिम वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरेका वातावरणीय प्रतिकुल प्रभाव न्यूनीकरणका उपायहरु प्रभावकारी नभएको देखिएमा नगरपालिकाले अन्य प्रभावकारी उपाय अवलम्बन गर्न आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी नगरपालिकाले दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च सम्बन्धित प्रस्तावकले व्यहोर्नु पर्नेछ ।

(४) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको लागी स्पष्ट कार्य योजना बनाई सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन सुरु भएपछि नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**२५. सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्नेः** (१) नगरपालिकाले यस ऐन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिना भित्र त्यस्तो प्रस्तावलाई कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकुल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाइएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा

आँकलन नै नभएका प्रतिकुल प्रभाव उत्पन्न भएकोमा सो समेत विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अध्यावधिक गराइ राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वातवरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा नगरपालिकाले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्न अपनाइएको उपाय पर्याप्त नभएमा त्यस्तो प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्ने प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ ।

**२६. <u>रोक लगाउन सक्नेः</u>** (१) कसैले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरीत हुने गरी आयोजना कार्यान्वयन गरेमा नगरपालिकाले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउनेछैन ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातारणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा उपदफा (१) बमोजिम लगाएको रोक नगरपालिकाले फुकुवा गर्न सक्नेछ ।

**२७. <u>नगरपालिकाले वातावरणीय अध्ययन गर्न सक्नेः</u>** (१) नगरपालिका आफैंले सञ्चालन गर्ने विकास आयोजना लगायत तोकिए वमोजिमका अन्य प्रस्तावहरु कार्यान्वयका लागि वातावरणीय अध्ययन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्तावको स्वीकृती यसै ऐन वमोजिम हुनेछ, सोको नगरपालिकाले अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद–४

## फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**२८. <u>फोहरमैलाको प्रबन्ध गर्ने दायित्वः</u>** (१) फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहरमैलाको संकलन, अन्तिम बिसर्जन

तथा प्रशोधनका लागि आवश्यक पर्ने पुर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहरमैला प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहरमैला मानिनेछ ।

**२९. <u>फोहरमैला व्यवस्थापन गर्ने दायित्वः</u>** (१) नगरपालिका भित्रको फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) नगर कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागू गर्नेछ ।

(४) फोहरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(५) जाँच परिक्षणमा कुनै निकायमा फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा नगरपालिकाले उक्त निकायलाई समयमै सचेत गराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नेछ ।

**३०. <u>फोहरमैला उत्पादन कम गर्नेः</u>** (१) नगरपालिका भित्र कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पादन हुने फोहरमैला यथासक्य कम गर्नु पर्नेछ।

(२) **"आफ्नो क्षेत्र"** भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

स्पष्टिकरणः **"आफ्नो क्षेत्र"** भन्नाले नगरपालिका भित्रको निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ।

**३१. फोहरमैला पृथकीकरणः** (१) नगर कार्यपालिकाले फोहरमैलालाई तोकिए बमोजिम जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी सो फोहरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिदिए बमोजिम फोहरमैला स्रोतमै छुट्याई संकलन केन्द्रसम्म पुर्यानउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगर कार्यपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

**३२. फोहरमैलाको निष्काशनः** (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निस्किसन गर्न पाइने छैन ।

**३३. फोहरमैला व्यवस्थापन केन्द्रः** (१) नगरपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र संकलन गर्ने समय र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**३४. जोखिमपूर्ण फोहरको व्यवस्थापनः** (१) कुनै जोखिमपूर्ण फोहरको संकलन, भण्डारण, प्रशोधन, बिक्रीवितरण, विसर्जन वा ओसार पसार गर्दा उत्पादक वा सञ्चालकले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जोखिमपूर्ण फोहरको व्यवस्थापन गर्दा उत्पादक वा संञ्चालकले आफ्नै खर्चमा व्यवस्थापन गर्नु पर्नेछ ।

(३) जोखिमपूर्ण फोहर व्यवस्थापन सम्वन्धी अन्य प्रक्रिया तोकिए वमोजिम हुनेछ।

**३५. फोहरमैलाको न्यूनिकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगः** (१) नगर कार्यपालिकाले फोहरमैला न्यूनिकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योगको उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग नगरपालिकाले समन्वय गर्न सक्नेछ ।

**३६. अनुमति सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम कार्यपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहिने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर नगर कार्यपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

(४) फोहरमैलाको व्यवस्थापन, पुनः चक्रिय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई नगर कार्यपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३७. फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलगनताः** (१) नगर कार्यपालिकाले आवश्यकता अनुसार यस ऐन बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट तोकिए बमोजिम प्रतिस्पर्धा गराईआफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (२) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायको कुनै काम गराउन सकिनेछ ।

(क) फोहरमैलाको न्यूनिकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला संकलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रिय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन,

३८. <u>प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने:</u> (१) नगरपालिकाले यस ऐन बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ ।

(क) नगरपालिकालाई बुझाउन कबुल गरेको रकम,

(ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहरमैला व्यवस्थापन अपनाउन प्रस्ताव गरीएको प्रविधिको दिगोपन तथा वातावरणीय प्रभाव न्यूनिकरण,

(ङ) व्यवस्थापन करार गर्न प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए कार्यपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झौताको अधीनमा रही शुल्क उठाउन सक्नेछ ।

(५) फोहरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

**३९. <u>फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने:</u>** (१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगर कार्यपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको मापदण्डको पालना भए वा नभएको अनुगमन नगरपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति नगरपालिकाले तोकिए बमोजिम रद्द गर्न सक्नेछ ।

**४०. <u>सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने:</u>** (१) नगरपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनिकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, व्यवस्था जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

**४१. <u>सेवा शुल्क उठाउन सक्ने:</u>** (१) नगरपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा नगरपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क नगरपालिका आफैंले वा निजले तोकेको संस्था वा निकाय मार्फत् समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालिकासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छुट दिइनेछ ।

## परिच्छेद–५

## वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन

**४२. वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नुपर्नेः** (१) आफ्नो क्षेत्राधिकार भित्रको वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहयोग गर्नु नागरिकको कर्तव्य हुनेछ ।

(३) वन तथा वन पैदावार संरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा नगरपालिकाले संघीय र प्रदेश कानुनको प्रतिकुल नहुने गरी देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) संघ तथा प्रदेशसँग समन्वय गरी स्थानीय समुदायको सहभागितमा आफ्नो सिमाभित्रका समुदायमा आधारित वन, निजी वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु संचालन तथा व्यवस्थापन गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिने,

(घ) वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्ने,

(ङ) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

(च) वन्यजन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्द्धन गर्न संघ, प्रदेशसँगको समन्वयमा स्थानीय स्तरका प्राणी उद्यान तथा वनस्पति उद्यानहरु स्थापना र संचालन गर्ने,

(छ) वन पैदावार संकलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने,

(ज) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरुप सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दीगोपना सुनिश्चित गर्ने,

(झ) संघ तथा प्रदेशको समन्वयमा संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यटन प्रवर्द्धन गर्न योगदान पुर्यावउने,

(ञ) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधतार जलाधार क्षेत्रको संरक्षण, पुनःस्थापना र दिगो उपयोग गर्नआवश्यक योजना र कार्यक्रम संचालन गर्ने,

(ट) नगरपालिका क्षेत्र भित्रका जलचरको संरक्षण गर्ने,

(ठ) संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिवीको रेखामुनि रहेका जनताको गरिवी न्यूनिकरण गर्न वनको संरक्षण र विकास हुने गरी आय आर्जन तथा पर्यटनका कार्यक्रमहरू संचालन गर्ने,

(ड) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्ययोजना नगरपालिकावाट स्वीकृत गरी कार्यान्वयन गराउने,

(ढ) नगरपालिका क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको नियमानुसार बिक्री गर्ने,

४३. <u>निजी वन दर्ता तथा व्यवस्थापनः</u> (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी नगरकार्यपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) व्यवसायिक प्रयोजनका लागि निजी वन वा निजी आवादीमा रहेको वन पैदावरको संकलन तथा ओसारपसार गर्नु परेमा नगरकार्यपालिकाबाट स्वीकृत लिनु पर्नेछ ।

४४. **<u>सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः</u>** (१) नगर कार्यपालिकाले प्रचलित नेपाल कानून तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

(२) कार्यपालिकाले सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा त्यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरुको संरक्षण गर्न तथा जोखिमपूर्ण अवस्थामा प्रचलित नेपाल कानूनको अधिनमा रही हटाउन सक्नेछ ।

**४५. <u>सहरी वनको विकास र व्यवस्थापनः</u>** (१) नगर कार्यपालिकाले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार कार्यपालिकाले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ ।

**४६. <u>वनक्षेत्रको प्रयोगः</u>** नगर कार्यपालिकाले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु पर्ने भएमा र प्रचलित कानुन बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि प्रदेश वा संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

**४७. <u>नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापनः</u>** (१) संघीय तथा प्रादेशिक कानून प्रतिकूल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र जोकोहीले पनि कार्यपालिकाको अनुमति लिई नर्सरी तथा उद्यान सञ्चालन गर्न सक्नेछन् ।

(२) नगरपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको कम्तिमा वर्षको एक पटक तोकिए बमोजिम अनिवार्य अनुगमन निरीक्षण गर्नुपर्नेछ ।

**४८. <u>खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धनः</u>** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण गर्नु पर्नेछ ।

(२) कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेने खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भारर व्यवस्थापन गर्न सक्नेछ ।

(३) खुल्ला तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

**४९. <u>नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा वृक्षारोपणः</u>** (१) नगरपालिका भित्रका नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा नगरपालिकाको अनुमति लिई वृक्षारोपण गर्न सक्नेछ ।

(२) नगर कार्यपालिकाले वृक्षारोपण सम्बन्धी मापदण्ड बनाई लागु गर्नसक्नेछ ।

## परिच्छेद–७

## संस्थागत व्यवस्था

**५०. <u>वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालनः</u>** (१) नगरपालिकामा वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रणका साथै जैविक विविधताको संरक्षणका लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् ।

(क) संघ, प्रदेश सरकारबाट वातावरण संरक्षणका लागि प्राप्त रकम,

(ख) विभिन्न संघ संस्थावाट प्राप्त रकम,

(ग) अन्य स्रोतवाट प्राप्त रकम ।

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

**५१. <u>वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद गठन गर्न सक्नेः</u>** (१) वातावरण, जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न, नीतियोजना निर्माण गर्न, विभिन्न निकायहरु वीच समन्वय गर्न नगरपालिकामा वातावरण सम्बन्धी विशेषज्ञ सम्मिलित वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन ।

(क) नगरपालिका प्रमुख — अध्यक्ष

(ख) उपप्रमुख — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) आर्थिक विकास समिति संयोजक — सदस्य

(ङ) भौतिक पुर्बाधार समिति संयोजक — सदस्य

(च) वन, वातावरण समिति संयोजक — सदस्य

(छ) वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका विज्ञमध्येवाट १ जना –सदस्य

(ज) स्थानीय वासिन्दाहरूमध्ये कम्तीमा १ महिला सहित ३ जना सदस्य

(झ) नगरपालिकाको वातावरणविद वा वातावरण शाखा संयोजक –सदस्य सचिव

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्को मुख्य काम वातावरण संरक्षण सम्वन्धी अल्पकालिन, दिर्घकालिन नीति, योजना तर्जुमा गरी कार्यान्वयन गर्नु हुनेछ भने अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

**५२. <u>समितिहरु गठन गर्न सक्ने</u>:** (१) नगर कार्यपालिकाले यो ऐनको उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरु समेत रहेको विभिन्न समितिहरु गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार नगर कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

**५३. <u>अनुगमन तथा मूल्यांकन</u>:** (१) नगर पालिका भित्रका विभिन्न वातावरण संरक्षण योजना तथा अन्य क्रियाकलापहरुको अनुगमन र मूल्यांकन समितिले गर्नेछ ।

(२) अनुगमन तथा मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५४. <u>वातावरण संरक्षण योजना तर्जुमा गर्ने</u>:** (१) नगर कार्यपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ ।

(२) नगर कार्यपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन, दिगो उपयोग र वातावरणीय र जैविक विविधताका स्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

(४) वातावरण संरक्षण योजनामा समावेश गर्नुपर्ने विषयवस्तु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–८

## कसूर, जरिवाना तथा क्षतिपुर्ती

**५५. <u>कसुर</u>:** कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ ।

(क) नगर कार्यपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने क्षति गर्ने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी गर्ने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लघंन गर्ने,

(च) फोहरमैला संकलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्डको फोहरमैला सडक वा सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्न नगर कार्यपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउने इन्कार गर्ने,

(ञ) नगर कार्यपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निस्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निस्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तु उत्पादन तथा बिक्री वितरण गर्ने,

**५६. <u>सजाय तथा जरिवानाः</u>** (१) फोहरमैला व्यवस्थापन सम्बन्धमा कसैले देहायको कार्य गरेमा देहाय बमोजिमको सजाय तथा जरिवाना गर्नेछः

(क) दफा ५५ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगर कार्यपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हचार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(ख) दफा ५५ को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ग) दफा ५५ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(घ) दफा ५५ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

(ङ) दफा ५५ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदाताबाट असूल उपर गर्न सक्नेछ ।

(च) दफा ५५ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(छ) दफा ५५ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ज) दफा ५५ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(झ) दफा ५५ को खण्ड (ड), (ढ) र (ण) बमजिमको कसूरलाई प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

(२) वातावरण संरक्षण सम्बन्धमा कसैले देहायको कार्य गरेमा नगर कार्यपालिकाले देहाय बमोजिमको जरिवाना गर्नेछ ।

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कार्य गरेमा पाँचलाख रुपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कुनै प्रस्ताव कार्यान्वयन गरेमा दशलाख रुपैयाँ सम्म ।

(३) यस दफा बमोजिम जरिवाना गर्नु अघि जरिवाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

**५७. क्षतिपूर्तिः** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण फोहर निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी गर्ने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

**५८. निवेदन दिन सक्नेः** (१) कसैले यस ऐन विपरित वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरित हुने कार्य गरेमा वा गर्न लागेमा नगरपालिकामा निवेदन दिन सक्नेछ ।

**५९. पुनरावेदनः** (१) दफा ५२ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पैंतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ५३ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतिस दिनभित्रस सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**६०. <u>सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने:</u>** वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानुन बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरि सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

## परिच्छेद– ९

## विविध

**६१. <u>ढुङ्गा, गिटि, वालुवा, माटोको उत्खनन, संकलन, उपयोग, विक्री तथा वितरण सम्बन्धमाः</u>**

(१) भिमाद नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिट्टी, वालुवा तथा माटोको उत्खनन, संकलन, उपयोग, बिक्री तथा वितरण सम्बन्धी व्यवस्था संघीय एवं प्रदेश सरकारले जारी गरेको मापदण्ड अनुरुप हुनेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही नगरपालिकाले आफ्नो छुट्टै मापदण्ड र कार्यविधि बनाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको व्यवस्था कार्यान्वयन गर्न नगरपालिकाको क्षेत्राधिकार भित्र व्यक्तिगत तथा सार्वजनिक स्थानमा रहेका ढुङ्गा, गिट्टी, वालुवा तथा माटोको उत्खनन, संकलन, उपयोग, बिक्री तथा वितरण सम्बन्धी संघीय वा प्रदेश सरकारले जारी गरेको मापदण्ड अनुरुप वातावरणीय अध्ययन गराई उत्खनन, संकलन कार्य गर्दा हेभीइक्युपमेन्टको प्रयोग गर्नुपर्ने देखिएमा कार्यपालिकाले कार्यविधि तयार गरि उत्खनन संकलन गर्न प्रयोग हुने हेभीइक्युपमेन्ट को संख्या निर्धारण गरि निश्चित अवधिका लागि हेभीइक्युपमेन्ट को प्रयोग अनुमति दिन सक्नेछ ।

(४) उपदफा (३) वमोजिम व्यक्तिगत स्वामित्वमा रहेको जमिनलाई प्रस्तावकले कृषी तथा आवास प्रयोजनलाई व्यवस्थित गर्नका प्रस्ताव पेश गरेमा नगरपालिकाले वातावरणिय अध्ययन गराई सो कार्यका लागि अनुमति प्रदान गर्न सक्नेछ । यस प्रयोजनका लागि नगर कार्यपालिकाले छुट्टै कार्यविधी वनाई लागु गर्न सक्नेछ ।

(५) उत्खनन संकलन कार्यमा प्रयोग हुने मेसिनरी औजार उत्खनन गर्नु पुर्व नगरपालिकामा दर्ता गर्नुपर्ने र थप नियमन गर्न कार्यपालिकाले नियमावली, निर्देशिका वा कार्यविधि तयार गरि लागु गर्नेछ ।

(६) नगर क्षेत्र भित्र ढुङ्गा, गिटि, वालुवा, माटोको उत्खनन, संकलन तथा व्यवस्थापन गर्न नगरपालिकाले ठेक्का बन्दोबस्त वा अमानतबाट गर्न सक्नेछ । यसरी ठेक्का वा अमानत बन्दोबस्त गर्दा तोकिए बमोजिमको कार्यविधि लागु हुनेछ ।

**६२. <u>भु–उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालनः</u>** संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगरपालिकाले स्थानीय तहको भु–उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**६३. <u>समन्वय र सहजीकरण गर्नेः</u>** वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धि राष्ट्रिय तथा प्रदेश अभियानमा नगरपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ ।

**६४. <u>सर्वेक्षणः</u>** नगर कार्यपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधताको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा तोकिए बमोजिमको ढाँचामा वातावरणीय तथा जैविक विविधता सर्वेक्षण गर्न सक्नेछ ।

**६५. <u>गुनासो व्यवस्थापनः</u>** नगरपालिकाले वातावरण संरक्षण सम्बन्धितको कुनै गुनासो र उजुरीको वा गुनासोको व्यवस्थापन नगरपालिकावाट तोकिएको गुनासो सुन्ने अधिकारीले गर्नेछन्।

**६६. <u>परामर्शलिन सक्नेः</u>** नगरपालिकाले यस ऐनको कार्यान्वनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ ।

**६७. <u>अधिकार प्रत्यायोजन गर्न सक्नेः</u>** नगरपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार शाखागत रुपमा प्रत्यायोजन गर्न सक्नेछ ।

**६८. <u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस ऐनमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

**६९. <u>नियम बनाउन सक्नेः</u>** यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुनेछ ।

**७०. <u>यसै ऐन बमोजिम भएको ठहरिनेः</u>** यस ऐन कार्यान्वयन पुर्व नगरपालिका बाट भए गरेका यस ऐनसंग सम्बन्धित कार्यहरु यसै ऐन बमोजिम भएको ठहरिनेछ ।

**७१. <u>मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेः</u>** यस ऐन कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

प्रमाणिकरण मितिः २०७७/०३/१४

आज्ञाले,
थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

**सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित । मूल्य रु. २००।-**